# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवाका विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका अधिकृतस्तर सातौं तहका पदहरुको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. १८१/२०७९-८०, मिति २०८०/०३/११ गते सोमबार**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवाका अधिकृतस्तर सातौं तहका देहायका प्राविधिक र अप्राविधिक पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) को दफा ३१ बमोजिमका बढुवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८०/०४/१४ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। सम्बन्धित सेवा समूह वा उपसमूहको एक तह मुनिको पदको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.p1.gov.np बाट डाउनलोड गर्न सकिने छ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्न अन्तिम मिति भित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

यसरी पर्न आएका दरखास्तहरुलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने व्यवस्था गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनु पर्ने विषयहरुः**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. प्रदेश निजामती सेवा ऐन, २०७९ को ३१ र ऐनको दफा ४१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको तह भन्दा एक तह मूनिको पदको लागि तोकिए बमोजिमको योग्यता र न्यूनतम सेवा अवधि, भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव तथा सेवाकालीन तालिम प्राप्त गरेको हुनु पर्नेछ।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
५. दरखास्त साथ बढुवा हुने पदभन्दा एक तह मूनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
७. दरखास्त दस्तुर रु.१२००।— (रु एक हजार दुई मात्र) बुझाउनु पर्नेछ।
   दरखास्त दस्तुर बुझाउने स्थानः-
   राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१
   कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)
   राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।

**विवरण**

**क) प्राविधिक पद तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०७९-८० | जनस्वास्थ्य अधिकृत | ७ | प्रदेश स्वास्थ्य/हे.इ. | २ |
| २ | २/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | २ |
| ३ | ३/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | २ |
| ४ | ४/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | १ |

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| ५ | ५/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | २ |
| ६ | ६/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | १ |
| ७ | ७/२०७९-८० | सहायक वन अधिकृत | ७ | प्रदेश वन/जनरल फरेष्ट्री | ९ |
| ८ | ८/२०७९-८० | कृषि प्रसार अधिकृत | ७ | प्रदेश कृषि/एगृ एक्सटेन्सन | २ |
| ९ | ९/२०७९-८० | वाली विकास अधिकृत | ७ | प्रदेश कृषि/एग्रोनोमी | १ |
| १० | १०/२०७९-८० | बाली संरक्षण अधिकृत | ७ | प्रदेश कृषि/प्लान्ट प्रोटेक्सन | १ |
| ११ | ११/२०७९-८० | वागवानी विकास अधिकृत | ७ | प्रदेश कृषि/हर्टिकल्चर | २ |
| १२ | १२/२०७९०८० | कृषि अर्थ विज्ञ | ७ | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | २ |
| १३ | १३/२०७९-८० | पशु विकास अधिकृत | ७ | प्रदेश कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| १४ | १४/२०७९-८० | पशु चिकित्सक | ७ | प्रदेश कृषि/भेटेरीनरी | १ |

**ख) अप्राविधिक पद तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १५/२०७९-८० | अधिकृत | ७ | प्रदेश प्रशासन/सा.प्र. | ४ |
| २ | १६/२०७९-८० | लेखा अधिकृत | ७ | प्रदेश प्रशासन/लेखा | १ |
| ३ | १७/२०७९-८० | राजश्व अधिकृत | ७ | प्रदेश प्रशासन/राजश्व | १ |

## प्रदेश निजामती सेवाका विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका अधिकृतस्तर सातौं तहका पदहरुको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. १८२/२०७९-८०, मिति २०८०/०३/११ गते सोमबार**

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवाका अधिकृतस्तर सातौं तहका देहायका प्राविधिक र अप्राविधिक पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) को दफा ३१ बमोजिमको न्यूनतम शैक्षिक योग्यता र तालिम प्राप्त गरेका बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८०/०४/१४ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। सम्बन्धित सेवा समूह वा उपसमूहको एक तह मुनिको पदको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.p1.gov.np बाट डाउनलोड गर्न सकिने छ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्न अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।
यसरी पर्न आएका दरखास्तहरुलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने व्यवस्था गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनु पर्ने विषयहरुः**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. प्रदेश निजामती सेवा ऐन, २०७९ को ३६, ३७, ३८ र ३९ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ३५ बमोजिम हुनेछ।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको संकेत नम्बर (सिटरोल नं.) अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सो को अवधि तथा गयल कट्टी भएको भए सो को विवरण खुलाई पेश गर्नुपर्नेछ ।

६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

७. दरखास्त दस्तुर रु.१२००।— (रु एक हजार दुई मात्र) बुझाउनु पर्नेछ।

दरखास्त दस्तुर बुझाउने स्थानः-

राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१

कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)

राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।

**विवरण**

**क) प्राविधिक पद तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १८/२०७९-८० | जनस्वास्थ्य अधिकृत | ७ | प्रदेश स्वास्थ्य/हे.इ. | ४ |
| २ | १९/२०७९-८० | कम्यूनिटी नर्सिङ अधिकृत | ७ | प्रदेश स्वास्थ्य/ कम्यूनिटी नर्सिङ | १ |
| ३ | २०/२०७९-८० | स्वास्थ्य शिक्षा अधिकृत | ७ | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेशन | १ |
| ४ | २१/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | ६ |
| ५ | २२/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | ५ |
| ६ | २३/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | २ |
| ७ | २४/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइड्रोपावर | १ |
| ८ | २५/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | ४ |
| ९ | २६/२०७९-८० | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | ५ |
| १० | २७/२०७९-८० | सहायक वन अधिकृत | ७ | प्रदेश वन/जनरल फरेष्ट्री | २५ |
| ११ | २८/२०७९-८० | सहायक भु-संरक्षण अधिकृत | ७ | प्रदेश वन/स्वायल एण्ड वाटर कन्जरभेसन | १ |
| १२ | २९/२०७९-८० | कृषि प्रसार अधिकृत | ७ | प्रदेश कृषि/एगृ एक्सटेन्सन | ४ |
| १३ | ३०/२०७९-८० | वाली विकास अधिकृत | ७ | प्रदेश कृषि/एग्रोनोमी | २ |
| १४ | ३१/२०७९-८० | बाली संरक्षण अधिकृत | ७ | प्रदेश कृषि/प्लान्ट प्रोटेक्सन | ३ |
| १५ | ३२/२०७९-८० | वागवानी विकास अधिकृत | ७ | प्रदेश कृषि/हर्टिकल्चर | ३ |
| १६ | ३३/२०७९-८० | कृषि अर्थ विज्ञ | ७ | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | ४ |
| १७ | ३४/२०७९-८० | पशु विकास अधिकृत | ७ | प्रदेश कृषि/ला.पो.एण्ड डे.डे. | ३ |
| १८ | ३५/२०७९-८० | पशु चिकित्सक | ७ | प्रदेश कृषि/भेटेरीनरी | ३ |
| १९ | ३६/२०७९-८० | मत्स्य विकास अधिकृत | ७ | प्रदेश कृषि/फिसरिज | २ |
| २० | ३७/२०७९-८० | तथ्याङ्क अधिकृत | ७ | प्रदेश प्रशासन/विविध | १ |

**ख) अप्राविधिक पद तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ३८/२०७९-८० | अधिकृत | ७ | प्रदेश प्रशासन/सा.प्र. | १२ |
| २ | ३९/२०७९-८० | लेखा अधिकृत | ७ | प्रदेश प्रशासन/लेखा | ४ |
| ३ | ४०/२०७९-८० | राजश्व अधिकृत | ७ | प्रदेश प्रशासन/राजश्व | २ |

**पुनश्चः प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३६ बमोजिम कायम हुने पद समेत कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको पदमा थप गरिएको छ।**